स्थान: बैठक कक्ष

आज मिति २०८२/११/२९ गतेका दिन सन्धिखर्क नगरपालिका नगर कार्यपालिकाको बैठक सन्धिखर्क नगरपालिकाका नगर प्रमुख श्री कृष्ण प्रसाद श्रेष्ठको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णय गरियो।

आर्थिक वर्ष २०८२/८३ कार्यपालिका बैठक संख्या: ०९ (नवौं)

| क्रम संख्या | पद | नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १. | अध्यक्ष | श्री कृष्ण प्रसाद श्रेष्ठ | |
| २. | सदस्य | श्री मिश्रा आचार्य | |
| ३. | सदस्य | श्री माधव श्रेष्ठ | |
| ४. | सदस्य | श्री मोतिजङ्ग रायमाझी | |
| ५. | सदस्य | श्री जम्शेर मियाँ | |
| ६. | सदस्य | श्री कृष्ण प्रसाद श्रेष्ठ | |
| ७. | सदस्य | श्री ऋषव अधिकारी | |
| ८. | सदस्य | श्री श्रीधर महत्रा क्षेत्री | |
| ९. | सदस्य | श्री चुरा बहादुर के.सी | |
| १०. | सदस्य | श्री हुम प्रसाद बन्जांडे | |
| ११. | सदस्य | श्री पदम बहादुर भुसाल | |
| १२. | सदस्य | श्री मोहन सिंह ठकुरी | |
| १३. | सदस्य | श्री चेत नारायण आचार्य | |
| १४. | सदस्य | श्री नारायण खड्का | |
| १५. | सदस्य | श्री सीता बस्नेत | |
| १६. | सदस्य | श्री लिला भुसाल | |
| १७. | सदस्य | श्री कृष्णा भुसाल क्षेत्री | |
| १८. | सदस्य | श्री शारदा परियार | |
| १९. | सदस्य | श्री मान बहादुर सुनार | |
| २०. | सदस्य | श्री सुरज वि.क. | |
| २१. | सदस्य | श्री बसन्त नेपाली | |
| २२. | सचिव | श्री प्रमोद खनाल | |

CamScanner

मितिः २०८२/११/२९
आर्थिक वर्ष २०८२/८३ बैठक सङ्ख्या ९

प्रस्तावहरु

१. जनज्योती माध्यमिक विद्यालयको ८ कोठे भवन निर्माण सम्बन्धमा,
२. वडा नम्बर ९ को स्वास्थ्य भवन निर्माण सम्बन्धमा,
३. सन्धिखर्क नगरपालिकामा अवस्थित फिल्म हल सञ्चानलको व्यवशाय दर्ता/नविकरण कर सम्बन्धमा।

निर्णयहरु

१. शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुरवाट आर्थिक वर्ष २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम *"राष्ट्रिय शैक्षिक सुधार कार्यक्रम"* अन्तर्गत यस नगरपालिकाको वडा नम्बर १ मा अवस्थित श्री जनज्योती माध्यमिक विद्यालय छनोट भइ आठ कोठे भवन निर्माणको लागि ड्रइङ डिजाइन सहित पुँजीगत अनुदान" शिर्षक अन्तर्गत रु. १ करोड २० लाख बजेट विनियोजन भएकोमा जनज्योति माध्यमिक विद्यालयको भौगोलिक अवस्थिति तथा जग्गाको अवस्थितिबाट उक्त ड्रइङ डिजाइन अनुसारको भवन निर्माण गर्न नसकिने देखिएको हुँदा जग्गाको अवस्थिति अनुसारको डिजाइन स्वीकृत गरी भवन निर्माण प्रकृया अगाडी बढाउने। साथै विनियोजित बजेटबाट ८ कोठे भवन निर्माणको लागि प्राविधिक लागत अनुमान रु. १,४०,२६,०४० रहेकोमा नपुग रकम रु. २०,२६,०४० को श्रोत सुनिश्चित गरी निर्माण कार्य अगाडि बढाउने।

२. स्वास्थ्य मन्त्रालयको चालु आर्थिक वर्ष २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रममा वडा नम्बर ९ मा *आधारमुत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण* शिर्षकमा रु. ३८,००,००० विनियोजन भएकोमा उक्त भवन निर्माणको लागि उपयुक्त स्थान नभएको, हाल सञ्चालनमा रही सेवाप्रवाह भईरहेको स्वास्थ्य भवन जिर्ण रहेकोले भत्काइ उक्त स्थानमा नयाँ भवन निर्माण गर्ने भनी वडा अध्यक्षको संयोजकत्वमा बसेको सर्वदलिय बैठकले निर्णय गरेको विषयलाई अनुमोदन गरी निर्माण प्रकृया अगाडि बढाउने।

३. सन्धिखर्क नगरपालिकामा अवस्थित चलचित्र घरको व्यवसाय दर्ता/नविकरण कर सम्बन्धमाः यस नगरपालिकाको वडा नम्बर १ हललाईनमा विगतमा सञ्चालन भइ हाल बन्द अवस्थामा रहेको जय सन्तोषी चलचित्र घर पुनः सञ्चालनमा गर्नको लागि निवेदन



CamScanner

प्राप्त भएकोमा चालु आर्थिक वर्षको आर्थिक ऐनमा चलचित्र घरको व्यवसाय कर उल्लेख नभएकोमा उक्त ऐनको दफा ५ संग सम्बन्धित अनुसूची- ७ को स्पष्टीकरण खण्डमा यस अनुसूचीमा नभएका व्यवसाय करको हकमा राजस्व परामर्श समितिको सिफारिसमा नगरप्रमुखबाट निर्णय भए अनुसार व्यवसाय करको दर निर्धारण गरिनेछ भन्ने विषय उल्लेख भएकोमा मिति २०८२/११/२७ गते बसेको राजस्व परामर्श समितिको सिफारिस बमोजिम वार्षिक रु. १२,००० लिएर दर्ता तथा नविकरण गर्ने दर निर्धारण गर्ने।